# विदेशी सवारी चालक अनुमति पत्र भएकाहरू

## जापानमा सवारी चलाउने तरिका

■ जापानमा सवारी चलाउनको लागि तलको कुनै एक अनुमति पत्र आफूसँग भएको हुनुपर्छ।

1) जापानको अनुमति पत्र

2) सडक यातायातसम्बन्धी महासन्धि (1949 सालको जेनेभा महासन्धि)मा आधारित अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र

※ जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने राष्ट्र आदिले जारी गरेको होइन भने वा जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने राष्ट्र आदि भएपनि जेनेभा महासन्धिले तोकेको ढाँचाअनुरूपको अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र जारी गरेको छैन भने उक्त राष्ट्र आदिको अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रको आधारमा सवारी चलाउन पाइँदैन।

3) विदेशी सवारी चालक अनुमति पत्र

अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र जारी नगर्ने राष्ट्र वा क्षेत्रको अनि जापानबराबरको स्तरमा भएको मानिने अनुमति प्रणाली भएको राष्ट्र वा क्षेत्र (१ अप्रिल २०२६ को स्थिति अनुसार: स्विट्जरल्यान्ड, जर्मनी, फ्रान्स, बेल्जियम, मोनाको र ताइवान) को अनुमति पत्र भएको अनि मन्त्रिपरिषद्को आदेशले तोकेको व्यक्तिले※जापानी भाषामा गरेको अनुवादको कागजात संलग्न गरिएको छ भने मात्र मान्य हुन्छ।

※ जापानी भाषामा अनुवाद गर्ने व्यक्तिको रूपमा मन्त्रिपरिषद्को आदेशले तोकेको व्यक्ति निम्नअनुसार छ।

विदेशको प्रमाणित अनुवादक समावेश हुँदैन।

- ○ विदेश आदिको सवारी चालक अनुमति पत्र जारी गर्ने अधिकार भएको विदेश आदिको प्रशासनिक निकाय आदि वा उक्त देशको वाणिज्य दूतावास （अनुमति पत्र जारी गर्ने निकाय वा उक्त देशको जापानमा भएको दूतावास तथा वाणिज्य दूतावास आदि）
- ○ सडक यातायात ऐन (सवारी चालक अनुमतिसँग सम्बन्धित भागमा सीमित गरी) सँग समकक्षी कानून तथा नियमको लागि जिम्मेवार विदेश आदिको प्रशासनिक निकायले राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगप्रति उक्त देश आदिको सवारी चालक अनुमति पत्रलाई जापानी भाषामा अनुवाद गर्ने क्षमता भएको व्यक्तिको रूपमा सूचना दिएको विदेश आदिको कानूनी निकाय वा अन्य व्यक्ति भएको अनि राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले समकक्षी मान्यता दिएको व्यक्ति (१ अप्रिल २०२६ को स्थिति अनुसार: ताइवानको सवारी चालक अनुमतिपत्र सम्बन्धी ताइवान–जापान सम्बन्ध संघ, जर्मनीको सवारी चालक अनुमतिपत्र सम्बन्धी जर्मनी अटोमोबाइल क्लब)
- ○ सवारी आदि चलाउनेसम्बन्धी विदेश आदिको प्रशासनिक निकाय आदिको अनुमतिसम्बन्धी सवारी चालक अनुमति पत्रलाई जापानी भाषामा उचित अनि पक्का रूपमा अनुवाद गर्न सकिने मान्यता हासिल कानूनी निकायको रुपमा राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले तोकेको व्यक्ति

■ जापानमा सवारी चलाउन सकिने अवधि

1) जापानको अनुमति पत्र

म्याद अवधिभित्र

2) अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र तथा विदेशको सवारी चालक अनुमति पत्र

जापानमा प्रवेश गरेको दिनबाट हिसाब सुरु गरेर 1 वर्ष वा उक्त अनुमति पत्रको म्याद अवधि※1मध्ये कुनै छोटो अवधि (तर बासिन्दा आधारभूत दर्ता प्रणालीमा रेकर्ड गरिएको व्यक्तिले जापानबाट प्रस्थान पक्का गरेको वा फेरि जापान प्रवेश गर्ने अनुमति आदि पाएर जापानबाट प्रस्थान गरेर 3 महिनाभित्र जापानमा फर्केर प्रवेश गरेको अवस्थामा उक्त जापान प्रवेशको दिन अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र आदिमा सवारी चलाउन सकिने अवधि※2को हिसाब सुरु गर्ने दिनको रूपमा गनिने छैन।)

※1 अन्तरराष्ट्रिय सवारी चालक अनुमति पत्रको म्याद अवधि जारी गरिएको दिनदेखि 1 वर्ष

※2 अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रमा सवारी चलाउन सकिने अवधिबारे अर्को चार्ट हेर्नुहोस्।

## जापानको अनुमति प्राप्त गर्ने तरिका

विदेश आदिको प्रशासनिक निकाय आदिको अनुमति पाएको व्यक्तिले उक्त अनुमतिमा चलाउन सकिने सवारी आदिसम्बन्धी जापानको अनुमति परीक्षाको एक भाग छुट पाई प्राप्त गर्ने प्रणालीको लागि आवेदन दिन सकिन्छ।

■ आवेदन दिने स्थान

जापानको ठेगानामा अधिकार क्षेत्र भएको महानगर वा प्रान्तको प्रहरीको सवारी चालक अनुमति केन्द्र आदि

■ प्रणाली

आवेदनको आधारमा सवारी चलाउनेबारे आवश्यक ज्ञान आदि वा सवारी चलाउनेसम्बन्धी सीप पक्का गरेर सवारी चलाउनमा बाधा नभएको मान्यता पाएको अवस्थामा अनुमति परीक्षाको एक भाग (लिखित परीक्षा वा व्यवहारिक परीक्षा) छुट पाइन्छ।

■ ध्यान दिनुपर्ने बुँदाहरू

1) विदेश आदिको अनुमति पाएपछि उक्त देश आदिमा जम्मा 3 महिना वा सोभन्दा धेरै बसेको हुनुपर्छ (देश प्रवेश र प्रस्थानको प्रमाणको छाप भएको पासपोर्ट आदि उक्त देशमा बसेको अवधि प्रमाणित गर्ने कागजात चाहिन्छ।)

2) प्रतिनिधिमार्फत आवेदन दिन स्वीकार्य छैन। अनिवार्य रूपमा आवेदक आफैले आवेदन दिनुहोस्।

3) विदेशीहरूमध्ये बासिन्दा आधारभूत दर्ता प्रणाली लागू नहुने व्यक्ति कानून तथा नियमले तोकेको विशेष अवस्थाबाहेक सैद्धान्तिक रूपमा सवारी चालक अनुमतिको आवेदन दिन सकिँदैन।

※ अपवादस्वरूप सवारी चालक अनुमति आवेदन दिन सकिने अवस्था

परराष्ट्र मन्त्रालयले जारी गर्ने परिचयपत्र (कुटनीतिक परिचयपत्र आदि) वा अधिकार भएको निकायले जारी गर्ने परिचयपत्र भएको अनि परराष्ट्र मन्त्रालयले जारी गर्ने परिचयपत्र समान रूपमा मानिने पत्रको रूपमा राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले तोकेको कागजात प्रस्तुत गर्न सक्ने व्यक्ति

यो अपवादमा पर्ने अवस्थामा सवारी चालक अनुमति आवेदन दिँदा माथि उल्लेख गरिएको कागजात प्रस्तुत गर्नुको साथै सार्वजनिक निकायले जारी गरेको ठेगाना पक्का गर्न सकिने कागजात वा समान रूपमा मानिने कागजात पेस गर्नु आवश्यक छ।

विस्तृत कुराहरूको लागि महानगर वा हरेक प्रान्तको प्रहरीको सवारी चालक अनुमति केन्द्र आदिमा सोधपुछ गर्नुहोस्।

■ अनुमतिको लागि आवेदन दिँदा चाहिने कागजात आदि

1) आवेदन फारम

※ आवेदन फारमसँगै स्वास्थ्य अवस्था आदिबारे “प्रश्नावली” पेस गर्नु आवश्यक छ। कुनै प्रश्न बुँदामा लागू हुन्छ भने कर्मचारीले बिरामी अवस्थाआदि बारे विस्तृत रूपमा सोध्ने छ।

2) आवेदनको लागि फोटो 1 वटा

※ आवेदनको अगाडि 6 महिनाभित्र खिचेको, टोपी नलगाएको (धार्मिक वा मेडिकल कारण अनुहारको स्वरूप थाह हुने हदसम्म ठाउकोलाई कपडाआदिले ढाकेको अवस्था बाहेक।), सिधा अगाडि हेरेको, पछाडि केही नभएको, छातीभन्दा माथि खिचिएको। साइज 3.0×2.4 सेन्टिमिटर। फोटोको पछाडि नाम र खिचेको साल महिना मिति लेखिएको।

3) घर ठेगाना (विदेशीको लागि निर्दिष्ट बुँदा) लेखिएको बासिन्दा दर्ताको प्रतिलिपी

※ निर्दिष्ट बुँदा भनेको बसोबासको योग्यता र बसोबास अवधि आदि बासिन्दा आधारभूत दर्ता प्रणाली ऐनअनुसार विदेशी बासिन्दाको बासिन्दा दर्तामा लेखिनुपर्ने बुँदा हो।

4) माइनम्बर कार्ड, पासपोर्ट आदि उक्त व्यक्तिको परिचय खुलाउने कागजातहरूमध्ये एउटा

5) विदेशको सवारी चालक अनुमति पत्र (अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र स्वीकार्य छैन)

6) माथि उल्लेख गरिएको अनुमति पत्रको जापानी भाषाको अनुवाद (उक्त अनुमति पत्र जारी गरेको विदेश आदिको प्रशासनिक निकाय आदि तथा उक्त देशको वाणिज्य दूतावास आदि मन्त्रिपरिषद्को आदेशले तोकेको व्यक्तिले※बनाएको अनि चलाउन सकिने सवारी आदिको प्रकार, अनुमतिको म्याद, उक्त अनुमतिको सर्त आदि आवश्यक बुँदा स्पष्ट भएको)

※ जापानी भाषामा अनुवाद गर्ने व्यक्तिको रूपमा मन्त्रिपरिषद्को आदेशले तोकेको व्यक्ति निम्नअनुसार छ।

विदेशको प्रमाणित अनुवादक समावेश हुँदैन।

○ विदेश आदिको सवारी चालक अनुमति पत्र जारी गर्ने अधिकार भएको विदेश आदिको प्रशासनिक निकाय आदि वा उक्त देशको वाणिज्य दूतावास (अनुमति पत्र जारी गर्ने निकाय वा

उक्त देशको जापानमा भएको दूतावास तथा वाणिज्य दूतावास आदि)

- सडक यातायात ऐन (सवारी चालक अनुमतिसँग सम्बन्धित भागमा सीमित गरी) सँग समकक्षी कानून तथा नियमको लागि जिम्मेवार विदेश आदिको प्रशासनिक निकायले राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगप्रति उक्त देश आदिको सवारी चालक अनुमति पत्रलाई जापानी भाषामा अनुवाद गर्ने क्षमता भएको व्यक्तिको रूपमा सूचना दिएको विदेश आदिको कानूनी निकाय वा अन्य व्यक्ति भएको अनि राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले समकक्षी मान्यता दिएको व्यक्ति (१ अप्रिल २०२६ को स्थिति अनुसार: ताइवानको सवारी चालक अनुमतिपत्र सम्बन्धी ताइवान–जापान सम्बन्ध संघ, जर्मनीको सवारी चालक अनुमतिपत्र सम्बन्धी जर्मनी अटोमोबाइल क्लब)
- सवारी आदि चलाउनेसम्बन्धी विदेश आदिको प्रशासनिक निकाय आदिको अनुमतिसम्बन्धी सवारी चालक अनुमति पत्रलाई जापानी भाषामा उचित अनि पक्का रूपमा अनुवाद गर्न सकिने मान्यता हासिल कानूनी निकायको रुपमा राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले तोकेको व्यक्ति

7) उक्त अनुमति प्राप्त गरेपछि उक्त विदेश आदिमा जम्मा 3 महिना वा सोभन्दा धेरै बसेको कुरा पक्का गर्न सकिने देश प्रवेश र प्रस्थानको प्रमाणको छाप भएको पासपोर्ट आदिको कागजात

8) शुल्क

■ अन्य


बिरामी वा अपाङ्गता आदिबारे परामर्श महानगर वा हरेक प्रान्तको प्रहरीको सुरक्षित ड्राइभिङ परामर्श काउन्टरमा लिन सकिन्छ।

आवेदन स्थल र खुल्ने समय, आवेदनमा चाहिने कागजात, शुल्क आदिबारे विस्तृत कुराहरू महानगर वा हरेक प्रान्तको प्रहरीको सवारी चालक अनुमति केन्द्र आदिमा सोधपुछ गर्नुहोस्।

# जापानमा सवारीसाधन आदि चलाउने तरिका

## जापानको अनुमति प्राप्त नगर्ने अवस्था

### 1 अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्रको आधारमा चलाउने




(जेनेभा महासन्धिको अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र)

○ जापानमा प्रवेश गरेको 1 वर्षसम्म जेनेभा महासन्धिमा※ तोकिएको ढाँचाअनुरूपको अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र बोकेर चलाउन सकिन्छ। ( सडक यातायात ऐन दफा 107 उपदफा 2)

※ जेनेभा महासन्धि
1949 साल 9 महिना 19 तारिखमा जेनेभामा हस्ताक्षर गरिएको सडक यातायातसम्बन्धी महासन्धि

### 2 विदेशको सवारी चालक अनुमति पत्रमा जापानी भाषाको अनुवाद संलग्न गरेर चलाउने



(विदेशको सवारी चालक अनुमति पत्र)

\+



(जापानी भाषाको अनुवाद)

○ जापानमा प्रवेश गरेको 1 वर्षसम्म विदेश वा क्षेत्रको सवारी चालक अनुमति पत्र※मा जापानी भाषाको अनुवाद※ संलग्न गरेर बोक्दा चलाउन सकिन्छ। (सडक यातायात ऐन दफा 107 उपदफा 2)

※ विदेश वा क्षेत्रको सवारी चालक अनुमति पत्र
स्विजरल्याण्ड, जर्मनी, फ्रान्स, बेल्जियम, मोनाको ताइवानको सवारी चालक अनुमति पत्र

※ जापानी भाषामा अनुवाद
उक्त अनुमति पत्र जारी गरेको देशको वाणिज्य दूतावास, राष्ट्रिय सार्वजनिक सुरक्षा आयोगले तोकेको कानूनी व्यक्ति आदिले बनाएको कागजात मात्र मान्य हुन्छ।


## जापानको अनुमति प्राप्त गर्ने अवस्था

### 1 सामान्य अनुमति परीक्षणद्वारा प्राप्त (विदेशको सवारी चालक अनुमति पत्र नपाएकाहरू)



○ विदेशको सवारी चालक अनुमति पत्र नपाएकाहरूले सामान्य सवारी चालक अनुमति परीक्षा दिएर जापानको सवारी चालक अनुमति प्राप्त गर्नु आवश्यक छ।

### 2 विदेशको सवारी चालक अनुमतिबाट रूपान्तरण गरेर प्राप्त (विदेशको सवारी चालक अनुमति पाएकाहरू)




(विदेशको सवारी चालक अनुमति पत्र)

○ सवारीसाधन आदि चलाउन चाहिने ज्ञान र सीप आदि भएको अनि चलाउनमा कुनै बाधा नभएकाहरूको सवारी चालक अनुमति रुपान्तरण गर्न सकिन्छ।


○ तर विदेशको सवारी चालक अनुपति पाएपछि उक्त देशमा जम्मा 3 महिना वा सोभन्दा धेरै बसेको हुनुपर्छ।

अर्को चार्ट


# अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र (IDP) मा सवारी चलाउन सकिने अवधि

## 1 बासिन्दा आधारभूत दर्ता प्रणालीमा रेकर्ड नभएको व्यक्ति जापानमा फेरि प्रवेश गरेको अवस्था

### (1) अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र प्राप्त गरेपछि पहिलो पटक जापान प्रवेश गरेको अवस्था





### (2) पहिलो पटक जापान प्रवेश गरेपछि अन्तर्राष्ट्रिय सवारी चालक अनुमति पत्र प्राप्त गरेको अवस्था





## 2 बासिन्दा आधारभूत दर्ता प्रणालीमा रेकर्ड भएको व्यक्ति जापानमा फेरि प्रवेश गरेको अवस्था


### (1) विदेशमा 3 महिना वा सोभन्दा धेरै बसेर फेरि जापानमा प्रवेश गरेको अवस्था



### (2) विदेशमा 3 महिनाभन्दा थोरै बसेर फेरि जापानमा प्रवेश गरेको अवस्था(विदेशीहरूमा धेरै हुने अवस्था)




### (3) विदेशमा 3 महिनाभन्दा थोरै बसेर फेरि जापानमा प्रवेश गरेको अवस्था(जापानीहरूमा धेरै हुने अवस्था)




3 महिनाभित्र फर्केर आएर जापान प्रवेश गरेको दिन हिसाब सुरु गर्ने दिनको रूपमा गनिने छैन। अनि अरू जापान प्रवेश दिन पनि नभएकोले "जापान प्रवेश गरेको दिनदेखि हिसाब सुरु गरेर 1 वर्ष" को हिसाब सुरु गर्ने दिन नै हुँदैन।